# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० कात्तिक १२ गते

## चुनावी हिंसा तत्काल बन्द गरी मानव अधिकारको सम्मान गर

आसन्न संविधानसभा सदस्य निर्वाचन प्रचार-प्रसारको क्रममा राजनीतिक दलहरूबीच देशको विभिन्न भागमा भएका झडप, चुनावी अभियानमा खडा गरिएको अवरोध, उम्मेदवारले प्रयोग गरेको सवारी साधनमा गरिएको आगजनीलगायतका घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

राजनीतिक आस्था र सिद्धान्तमा अडिग रहन पाउने सबैको नैसर्गिक अधिकार भएपनि कसैप्रति निषेधात्मक व्यवहार गरिनु तथा आक्रमक व्यवहार प्रदर्शन गरिनु मानव अधिकारको दृष्टिले निन्दनीय कार्य हो । आयोगले हाल गरिरहेको अनुगमनबाट कतिपय जिल्लाहरूमा निर्वाचनमा भाग लिएकै दलबाटसमेत यस प्रकारको कार्य भएको पाइएको छ। यसबाट देशको राजनीतिक प्रक्रियामा सहभागी हुन पाउने नगारिकको हकमा अवरोध खडा भएको छ। यसप्रकारका कार्यले स्वतन्त्र र भयरहित वातावरणमा मतदान गर्न पाउने तथा निर्वाचित हुन पाउने अधिकारलाई कुण्ठित बनाउने हुँदा आयोग यस्ता कार्य नगर्न सम्बन्धित सबैसँग अनुरोध गर्दछ।

सबै राजनीतिक दलले चुनावी अभियान सञ्चालन गर्न पाउने र नागरिकले भयरहित वातावरणमा मतदान गर्न पाउने वातावरणको सम्मान गर्न एवम् शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था मिलाउन आयोग नेपाल सरकार लगायत सम्वद्ध सबै राजनीतिक दल र सरोकारवलाहरूसँग आग्रह गर्दछ।

निर्वाचन प्रक्रियालाई समर्थन गर्ने वा नगर्ने अधिकार राजनीतिक दल वा व्यक्तिको भएपनि त्यसलाई हिंसात्मक एवम ध्वंसात्मक बनाउने एवम् प्रचारप्रसार निषेधित जिल्ला घोषणा गर्नेजस्ता कार्यले नागरिकको स्तन्त्रतापूर्वक मतदान गर्न पाउने र मतदानमार्फत् आफ्नो प्रतिनिधि चयन गर्न पाउने आधारभूत अधिकारमा आघात पुग्ने निश्चित छ। मतदान गर्न एवम् प्रतिनिधि चयन गर्न पाउने अधिकारको सम्मान गर्न निर्वाचनको विपक्षमा रहेका नेकपा- माओवादी, संघीय लिम्बुवान राज्य परिषद लगायतका सम्बद्ध सबै दलहरूलाई आयोग पुनः आग्रह गर्दछ। साथै, निर्वाचन वहिष्कारको पक्षमा रहेका दलका कार्यकर्ताहरूमाथि भइरहेको कारवाहीमा कानुनी सर्तकता अपनाउन तथा पक्राउ परेका कार्यकर्ताहरूमाथि मानव अधिकारमैत्री व्यवहार हुन आयोग नेपाल सरकारसमक्ष अनुरोध गर्दछ।

अन्त्यमा, वार्ता र संवादको माध्यमबाटै प्रत्येक समस्याको समाधान खोज्ने दिशामा अग्रसर रही नेपाली नागरिकको मतदान गर्न पाउने र निर्वाचन मार्फत प्रतिनिधि चयन गर्न पाउने अधिकारको सम्मान गर्न आयोग सबै पक्षसँग हार्दिक आग्रह गर्दछ।

वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org